**नेपाल उद्योग वाणिज्य महासंघको**
**५२ औं वार्षिक साधारण सभाको समुद्घाटन समारोहमा**
**वरिष्ठ उपाध्यक्ष श्री शेखर गोल्छाले दिनु भएको**

# धन्यवाद मन्तव्य

१. नेपाल उद्योग वाणिज्य महासंघको यस ५२औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस–२०७४ को समुद्घाटन समारोहमा नेपाल उद्योग वाणिज्य महासंघको तर्फबाट आजका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू, यहाँ उपस्थित सम्पूर्ण गण्यमान्य अतिथिगणहरूमा म हार्दिक धन्यवाद ज्ञापन सहित आभार प्रकट गर्दछु ।

२. सम्माननीय प्रधानमन्त्रीज्यूको अति व्यस्त कार्य तालिकाको बावजुद पनि महासंघको निमन्त्रणालाई स्वीकार गर्नु भई यस ५२औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस–२०७४ को समुद्घाटन एवं सभालाई गहकिलो एवं अत्यन्त महत्वका साथ सम्बोधन गर्नु भएकोमा नेपाल उद्योग वाणिज्य महासंघ एवं मुलुकभरबाट सम्पूर्ण उद्यमी व्यवसायीहरूको तर्फबाट सम्माननीय प्रधानमन्त्रीज्यूमा हृदयदेखि नै हार्दिक आभार सहित कृतज्ञता ज्ञापन गर्दछु ।

३. यसैगरी आजको यस समुद्घाटन समारोहमा उपस्थित हुनु भई समारोहको गरिमा एवं शोभा बढाई दिनु भएकोमा माननीय मन्त्रीज्यूहरू, माननीय सांसदज्यूहरू, राजनैतिक दलका व्यक्तित्वहरू संवैधानिक अङ्गका प्रमुखज्यूहरू, महासंघका पूर्व अध्यक्षज्यूहरू, पदाधिकारीज्यूहरू, नेपाल सरकारका सचिवज्यूहरू, उच्चपदस्थ अधिकतृज्यूहरू, महामहिम राजदूतज्यूहरू, कुटनीतिक नियेगका पदाधिकारीज्यूहरू, कार्यकारिणी समितिका सदस्यज्यूहरू, राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका प्रतिनिधिज्यूहरू, मुलुकभरबाट महासंघको यस ५२औं वार्षिक साधारण सभामा भाग लिन आउनु भएका जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघ, वस्तुगत संघ, द्विराष्ट्रिय उद्योग वाणिज्य संघ, एशोसिएट क्षेत्रका प्रतिनिधिज्यूहरू, सञ्चारकर्मी मित्रहरू सहित सम्पूर्ण अतिथिगणमा हार्दिक धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्दछु ।

४. सम्माननीय प्रधानमन्त्रीज्यूको सम्बोधन क्रममा व्यक्त धारणा एवं प्रतिवद्धताबाट हामी निजी क्षेत्रका उद्यमी व्यवसायीहरूलाई थप उत्साह तथा प्रेरणा मिलेको छ ।

५. यस समुद्घाटन समारोहमा व्यवसायिक प्रवर्द्धन, संस्थागत क्षमता विस्तार लगायतका बिषयहरूमा कदर सम्मान पाएका महासंघका सदस्य संघ/संस्था जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघ, वस्तुगत संघहरूका अध्यक्षज्यू एवं पदाधिकारीज्यूहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । साथै संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्य गरे वापत कदर तथा सम्मान पत्र पाएका सबै संघ/संस्थाहरूलाई पनि हार्दिक बधाई एवं शुभ–कामना व्यक्त गर्दछु । यस किसिमको कदर सम्मानबाट आउंदा दिनहरूमा आ–आफ्नो क्षेत्रमा थप उत्साह तथा प्रोत्साहित भई कार्य गर्न थप बल पुग्ने विश्वास लिएको छु ।

६. धन्यवाद ज्ञापनको लागि उपस्थित भएको भए पनि देशको यस महत्वपूर्ण परिवर्तित परिस्थितिमा आफूलाई लागेको आर्थिक विषयबस्तु वारे संक्षिप्तमा केही कुरा राख्न चाहन्छु ।

७. महासंघको ५ दशक भन्दा बढी अवधिको यात्रामा महासंघले समय समयमा सुख दुःख बाधा व्यवधान अनेकौं पार गरी आफ्नो उद्देश्य अनुसार उद्योग व्यवसाय एवं लगानी प्रवर्द्धनको माध्यमबाट देशको आर्थिक विकासमा योगदान पुऱ्याउने कार्यमा अनवरत रूपमा पहल गरेको छ। देशको अर्थतन्त्रको विकासमा निजी क्षेत्रबाट ६०/७० प्रतिशतसम्म योगदान पुऱ्याउंदै आएको सर्वविदितै छ ।

८. देशमा स्थिरता होस्, अनुकूल एवं सहज किसिमको लगानीको वातावरण होस, लगानी बृद्धि, रोजगारीका अवसर बृद्धि होस् आर्थिक एजेण्डालाई प्राथमिकता दिने कार्य होस भन्ने चाहनाका साथ महासंघले सदैव नेपाल सरकार प्रमुख राजनैतिक दलहरू एवं सम्बन्धित सबै पक्षहरूलाई जोडदार रूपमा महासंघको धारणा राख्दै सुझाव प्रस्तुत गर्दै आएको छ । यस परिप्रेक्ष्यमा अहिले देशमा संक्रमणकाल समाप्त भई राजनैतिक स्थिरताका साथ सम्माननीय प्रधामनन्त्रीज्यूको नेतृत्वमा स्थायी सरकार गठन भएकोमा महासंघ एवं सम्पूर्ण हामी निजी क्षेत्र अत्यन्त उत्साहित भएका छौं ।

९. सम्माननीय प्रधानमन्त्रीज्यूको नेतृत्वमा गठन भएको नयाँ सरकारले महासंघले सदैव भन्दै आएको बिषयवस्तु सहित आर्थिक एजेण्डालाई प्राथमिकतामा राखी “समृद्ध नेपाल सुखी नेपाली” भन्ने नारा सहित देशको आर्थिक विकास र समृद्धि तर्फ अघि बढ्ने जुन लक्ष्य र चाहना लिएको छ त्यसलाई महासंघले अत्यन्त स्वागतयोग्य कदमको रूपमा लिएको छ । सरकारको यो लक्ष्य र चाहना प्रभावकारी तवरले कार्य क्षेत्रमा परिणत भई देश आर्थिक समृद्धिको मार्ग तर्फ अघि बढ्ने छ भन्ने निजी क्षेत्रले आशा एवं भरोषा लिएको छ ।

१०. सम्माननीय प्रधानमन्त्रीज्यूबाट हालै भएको भारतको राजकीय भ्रमणको क्रममा भारतीय उद्योगी व्यवसायीहरूको उपस्थितिमा भएको नेपाल–भारत व्यापार मञ्चमा व्यक्त अभिव्यक्तिबाट समेत नेपाली एवं भारतीय लगानीकर्ताहरू नेपालमा लगानीको लागि उत्साहित भएको हामीले पाएका छौं । देशमा सबै क्षेत्रमा लगानी चाहिएको छ । नेपाललाई प्रकृतिले नै विविधता दिएको छ । उर्जा उत्पादनमूलक उद्योगका साथै पर्यटन, कृषि, जडिबुटी लगायतका लगानीको लागि सम्भाव्य क्षेत्रहरूमा लगानी वृद्धि गर्न पर्ने आवश्यकता छ र यसबाट सबै क्षेत्रहरूमा सन्तुलित विकास हुनमा सहयोग पुऱ्याउंदछु । लगानी वातावरणको लागि आवश्यक आधारभूत कुरा नीतिगत निरन्तरता, सरल एवं सहज किसिमको प्रकृयागत सुधार, खुल्ला बजारको अवधारणा अनुसारको ऐन नियमको संशोधन, विधिको शासन, सरल तथा सुलभ पूँजीको उपलव्धता, समयमा निर्णय गर्ने परिपाटीको विकास, कम लागत लगायतका व्यवस्थाहरू प्रारम्भ भई देशमा अनुकूल औद्योगिक व्यवसायिक वातावरण सृजना हुने नै छ भन्ने कुरामा महासंघ दृढ रहेको छ ।

११. यस अवसरमा विद्यमान परिस्थितिमा उद्योग व्यवसाय क्षेत्रमा देखा परेका प्रमुख मूलभूत बिषयहरू तर्फ सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यान आकर्षित गर्न चाहन्छु । विभिन्न वहानामा उद्यमी व्यवसायीहरू माथि मुद्दा मामिला लगाउने कार्य यथावत रूपमा नै रहेको

छ । करको मुद्दामा ५० प्रतिशतसम्म धरौटी राख्नु पर्ने व्यवस्थाबाट उद्यमी व्यवसायीहरू माथि ठूलो अन्याय भएको छ । ५० प्रतिशतसम्म धरौटी राख्नु पर्ने व्यवस्था अन्त्य हुनु नै पर्दछ ।

१२. अहिले उद्योग व्यवसाय क्षेत्रमा अनुगमनको नाममा एक दर्जन भन्दा बढी निकायहरूले अनुगमन गर्दै आएका छन् । अनुगमन हुनु हुँदैन भनी हामी उद्योगी व्यवसायीहरूले कदापी भनेका छैन । अनुगमन हुनु पर्दछ र सीमित निकायहरूबाट मर्यादित किसिमले अनुगमन गर्ने व्यवस्था हुनु पर्दछ । उद्यमी व्यवसायीहरूको मान मर्यादा छविमा आँच नपुग्ने गरी मर्यादित ढँगबाट अनुगमन हुनु पर्ने तर्फ सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यान आकर्षित गर्न चाहन्छु ।

१३. वर्तमान स्थितिमा विभिन्न कारणहरूले गर्दा औद्योगिक व्यवसायिक क्षेत्रको लागत मूल्य अत्यधिक मात्रामा बृद्धि हुन गई रहेको छ । हाल बैंकिङ्ग प्रणालीमा भएको तरलताको अभावका साथै अत्यधिक मात्रामा बृद्धि भएको व्याजदरबाट उद्योग व्यवसाय क्षेत्रमा अत्यन्त ठूलो असर पर्न गई रहेको छ । छोटो अवधिमा नै ५ प्रतिशतसम्म बैंकले व्याजदर बढाउँदा पनि हामी उद्यमी व्यवसायीहरू सहेरनै बस्नु पर्ने स्थिति पैदा भएको छ । यस तर्फ नयाँ सरकारले गम्भीर भएर सोच्नु पर्ने निजी क्षेत्रको धारणा रहेको छ ।

१४. आशा छ, आगामी दिनमा नयाँ सरकारले यस्ता औद्योगिक व्यवसायिक क्षेत्रका मूलभूत समस्याहरू प्रति गम्भीर रूपले सोची समस्या समाधान तर्फ अग्रसर हुने छ भन्ने विश्वास लिएको छु ।

१५. समय धेरै नलिइकन एक पटक धन्यवादको क्रम दोहोऱ्याउन चाहान्छु । महासंघको निमन्त्रणालाई स्वीकार गर्नु भई हामी माझ पाल्नु भई महासंघको यस साधारण सभा एवं उद्योग वाणिज्य दिवसको समुद्घाटन समारोहको प्रमुख आतिथ्यता ग्रहण गर्नु भई समुद्घाटनका साथै निजी क्षेत्रलाई मार्गदर्शन सहित सारगर्भित सम्बोधन गर्नु भएकोमा सम्मानीय प्रधानमन्त्रीज्यूमा पुनः एक पटक हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु ।

१६. यस समारोहको लागि हल उपलब्ध गराई सहयोग गर्ने होटल हायात रिजेन्सी, उद्घाटन कार्यक्रमको प्रस्तुति एवं संयोजन गरी सहयोग पुऱ्याएकोमा प्रिज्मा एडभरटाइजिङ्ग प्रा.लि., व्याक ड्रप र साउण्ड सिष्टमको लागि आई.एस.एस. साउण्ड सिष्टम लगायत उद्घाटन सत्रको अन्य कार्यक्रम संयोजनमा सहयोग पुऱ्याउनु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

१७. साथै ५२औं वार्षिक साधारण सभा एवं उद्योग वाणिज्य दिवस–२०७४ लाई सफलता पूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने महासंघका सम्पूर्ण कर्मचारीहरूमा हार्दिक धन्यवाद दिंन चाहान्छु ।

धन्यवाद,

चैत्र २८, २०७४, काठमाडौं ।